भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सू. नं. - २६

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## पोषण सहजकर्ताको पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**(प्रकाशित मितिः २०८२।०८।१५ गते)**

बहुक्षेत्रीय पोषण योजना तेस्रो (२०८०/८१- २०८७/८८) ले लिएका लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्नका लागि स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम करारमा पोषण सहजकर्ता पदपूर्ति गर्नु पर्ने भएको हुँदा भूमे गाउँपालिकाको करारमा कर्मचारी पदपूर्ति समितिको मिति २०८२।०८।१५ गतेको निर्णयानुसार देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन जानकारीका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | पोषण सहजकर्ता | सहायकस्तर चौथो | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट बाह्र कक्षा (१०+ २) वा सो सरह उत्तीर्ण भएको,

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको,

ग) सम्बन्धित स्थानीय तहमा स्थायी बसोसास भएको,

घ) प्रचलित कानूनले अयोग्य नठहर्याएको,

ङ) सामाजिक परिचालनको क्षेत्रमा अनुभव हासिल गरेको, सम्बन्धित स्थानीय तहको विवाहित महिला एवं आर्थिक- सामाजिक रुपमा पछाडि परेको वर्गको उम्मेदवारलाई प्राथमिकता दिइने ।

२. **दरखास्त दिने अन्तिम मिति** २०८२।०८।२९ गते ।अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्र ।

३. **दरखास्त दिने स्थानः** भूमे गाउँपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व) ।

४. **आवेदन दस्तुरः** रु. ५०० (पाँच सय) गाउँपालिकाको राजश्व शाखामा बुझाउनुपर्नेछ।

५. **आवेदनसाथ संलग्न कागजातहरुः** योग्यता वा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु, उम्मेदवार स्वयंको हस्ताक्षरसहितको प्रमाणित शैक्षिक प्रमाणपत्रका प्रतिलिपिहरु, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

६. **छनोटको किसिमः** लिखित तथा अन्तरवार्ता ।

७. थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९७६२५२७११० मा सम्पर्क गर्न सकिनेछ ।

८. लिखित तथा प्रयोगात्मक परिक्षाको पाठ्यक्रम भूमे गाउँपालिकाको कार्यालय र कार्यालयको वेभसाइट bhumemun.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।

..........................

उपेन्द्र यादव